प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.०८८५३००१९
Email:akcrukumw@gmail.com

पत्र संख्या २०७७/७८
चलानी नं.

प्रथम पटक सूचना प्रकाशित मितिः२०७७/०६/०८

# टिष्युकल्चर निर्माण तथा सञ्चालनमा निरन्तरताका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

यस कृषि विकास कार्यालय रुकुम पश्चिमको आर्थिक बर्ष २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार टिष्युकल्चर निर्माण तथा सञ्चालनमा निरन्तरता का लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदा यस जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, उपभोक्ता समितिबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन (२०७७ असोज २९ गते सो दिन सार्वजनिक विदा परेमा, सो को भोली पल्ट वा कार्यालय खुलेको दिन) भित्र यस कृषि विकास कार्यालयमा तपशिलका कागजातहरु सहित आवेदन प्रस्ताव आव्हान गरिएको छ यस सम्बन्धी थप जानकारीका लागि सम्पर्क नं. ९८५७८२००३७ र ९८५८०३७६७८ मा सम्पर्क गर्न हुन समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु

१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

२) कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समुह वा कृषक समूहले सूचना अवधि भित्र टिष्युकल्चर निर्माण तथा सञ्चालन गर्न सहकारीको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि ।

३) सम्वन्धित स्थानीय तहको सिफारिस ।

४) सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन तथा कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण ।

५) सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय ।

६) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

७) आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि अनुदानग्राहीले व्यहोर्नु पर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरु ।

८) भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन एकिकृत कार्यविधि २०७७ को अनुसूची ३ अनुसारको निवेदन सहितको प्रस्तावना ।

९) प्रारम्भिक वातावरण परीक्षण/वातावरण प्रभाव मुल्याङ्कन प्रतिवेदन

१०) प्रतिवद्धता पत्र र आयोजना संग सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

..............................
मिन बहादुर के सी
नि. कार्यालय प्रमुख